जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०७०/७१
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक ८२ • २०८२ पुस २९ गते मंगलवार • 13 Jan. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# जनकपुरधाम उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ का लागि दुई अर्ब ४६ करोड ८९ लाख १६ हजार ८९४ रुपैयाँको वार्षिक संशोधित बजेट विनियोजन

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २८ पुस**



जनकपुरधाम उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ का लागि दुई अर्ब ४६ करोड ८९ लाख १६ हजार ८९४ रुपैयाँको वार्षिक संशोधित बजेट विनियोजन गरेको छ ।

आइतबार सम्पन्न उपमहानगरपालिकाको १४औँ ( हिउँदे) नगरसभा बैठकले संशोधित बजेट पारित गरेको हो । नगरसभामा उपप्रमुख किशोरी साहले बजेट प्रतिवेदन प्रस्तुत गर्दै संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण, ससर्त, समपूरक तथा विशेष अनुदान, राजस्व बाँडफाँट, उपमहानगरपालिकाको आन्तरिक राजस्व र गत आर्थिक वर्षबाट बाँकी रहेको रकमसमेत समेटेर संशोधित बजेट तयार गरिएको जानकारी दिए । प्रस्तुत प्रतिवेदन अनुसार चालु आर्थिक वर्षमा हालसम्म उपमहानगरपालिकाले ९९ करोड ४१ लाख २५ हजार ४५७ रुपैयाँ आम्दानी गरेको छ भने ४१ करोड ७ हजार ८०८ रुपैयाँ खर्च भएको छ । यसअघि १३औँ नगरसभाबाट स्वीकृत अनुमानित आय-व्ययका विवरण कार्यान्वयनको क्रममा रहेकाले सोही आधारमा बजेट संशोधन गरिएको उपमहानगरपालिकाले जनाएको छ । नगरसभाको बैठकले नगरपालिका अन्तर्गत दरबन्दीमा कार्यरत सम्पूर्ण करार सेवाका कर्मचारीलाई आगामी माघ १ गतेदेखि लागू हुने गरी स्थायी कर्मचारीसरह मासिक पाँच हजार रुपैयाँ महँगी भत्ता प्रदान गर्ने निर्णय गरेको छ । यो निर्णयले लामो समयदेखि करार कर्मचारीले उठाउँदै आएको माग सम्बोधन भएको जनाइएको छ । त्यसैगरी, नगरसभाले नगर क्षेत्रभित्रको व्यवस्थित विकासका लागि जग्गा वर्गीकरणसम्बन्धी काम अघि बढाउन आवश्यक रकमसमेत विनियोजन गरेको छ । भूमि उपयोग व्यवस्थापन र योजनाबद्ध शहरी विकासका लागि जग्गा वर्गीकरण महत्वपूर्ण आधार हुने उपमहानगरपालिकाका पदाधिकारीहरूले बताएका छन् । उपमहानगर प्रमुख मनोजकुमार साहको अध्यक्षतामा सम्पन्न नगरसभा बैठकमा उपप्रमुख, वडा अध्यक्षहरू, नगरसभा सदस्यहरू तथा उपमहानगरपालिकाका कर्मचारीहरूको उपस्थिति रहेको थियो । बैठकमा नगरको आर्थिक अवस्था, चालु योजनाहरूको प्रगति र आगामी दिनमा बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउने विषयमा समेत छलफल भएको थियो । उपमहानगरपालिकाले संशोधित बजेटमार्फत विकास निर्माण, सेवा प्रवाह, कर्मचारी व्यवस्थापन र वित्तीय अनुशासनलाई प्राथमिकतामा राख्दै नगरवासीको जीवनस्तर सुधार्ने लक्ष्य लिएको जनाएको छ ।

# चालु आर्थिक वर्षको बजेट कार्यान्वयनमा चुनौती



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २८ पुस**

मधेस प्रदेशमा नयाँ सरकार गठन भएको डेढ महिना पुग्न लागेको छ । नयाँ सरकारका काम-कारबाहीको मूल्याङ्कन गर्ने समय भइनसके पनि सरकार परिवर्तनका शृङ्खलाले चालु आर्थिक वर्षको बजेट कार्यान्वयनमा चुनौती थपिएको छ ।

तत्कालीन मुख्यमन्त्री सरोज यादव नेतृत्वको सरकार ढालेर ६ दलको समर्थनमा मंसिर १९ गते नेपाली कांग्रेसका कृष्णप्रसाद यादवको नेतृत्वमा मधेस सरकार गठन भएको हो । प्रदेश सरकारले अहिलेसम्म पनि जनताले अनुभूत गर्नसक्ने गरी कुनै उल्लेखनीय काम गर्न नसकेको गुनासो राजनीतिक वृत्तबाट आउन थालेको छ । चालु आर्थिक वर्षको लगभग ७ महिना पूरा हुन लाग्दासमेत पुँजीगत खर्च ३ प्रतिशत पनि पुग्न सकेको छैन । जेनजी मुभमेन्ट र सरकार फेरबदलको कारण प्रदेश सरकारको बजेट खर्च प्रभावित भएको हो । यद्यपि, नयाँ सरकार गठनपछि प्रदेश प्रशासन चलायमान हुने र विकास योजनाले गति लिने अपेक्षा थियो ।

अहिलेसम्म सरकारले यस दिशामा ध्यान नदिएको विपक्षी दलहरू बताउँछन् । पूर्वमुख्यमन्त्रीहरू वर्तमान सरकार गतिहीन देखिएको बताउँछन् । मन्त्रालयहरूबिच समन्वय नदेखिएको, निर्णय प्रक्रियामा ढिलासुस्ती हुनका साथै प्राथमिकताबारे सरकार स्वयं अलमलमा परेको उनीहरूको तर्क छ । सरकार कछुवा गतिमा हिँडेको पूर्वमुख्यमन्त्री सतिश सिंहको विश्लेषण छ ।

उनका अनुसार ठुलो गठबन्धनको सरकारले मन्त्रिपरिषदलाई पूर्णता दिनसमेत लामो समय आलटाल गर्दा विकास निर्माणका कामले गति लिन सकेको छैन । 'सरकार चलिरहेको जस्तो देखिए पनि कामको गति कछुवाजस्तै छ,' उनले भने ।

# जनता समाजवादी पार्टी, नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी नेपाल बीच एकीकरण सम्बन्धी आइतबार १२ बुँदे सहमति

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २८ पुस**



जनता समाजवादी पार्टी, नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी नेपाल बीच एकीकरण सम्बन्धी आइतबार १२ बुँदे सहमति भएको छ ।

गत पुस १३ गते जनता समाजवादी पार्टी, नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी नेपालबीच सहमति भई एकीकरण गर्ने संयुक्त प्रेस विज्ञप्ति जारी भएको थियो, उक्त विज्ञप्तिलाई आधार मानी एकीकरण प्रक्रिया अगाडी बढाउने सहमति भएको दुवै पार्टीले जानकारी दिएका छन् । सहमतिको दोस्रो बुँदामा जसपा र लोसपा नेपालबीच एकीकरण गरी जनता समाजवादी पार्टी, नेपाल कायम राख्ने सहमति गरिएको छ। पार्टीको चुनाव चिह्न छाता रहने भएको छ । पार्टीको झण्डामा माथि रातो बीचमा सेतो र तल्लो भागमा हरियो गरी तीन रङ्गको झण्डा र बीच भागमा ढल्केको छाता रहने उल्लेख छ । पाँचौं बुँदामा जनता समाजवादी पार्टी, नेपाल एकीकृत रूपमा सञ्चालन गर्न एक केन्द्रीय समन्वय समिति रहने र केन्द्रीय समन्वय समिति ४३ सदस्यीय रहने निर्णय भएको छ। केन्द्रीय समन्वय समितिले आफू मध्येबाट ११ सदस्यीय सचिवालय गठन गर्ने सहमतिमा उल्लेख छ ।

छैठौं बुँदामा दुवै पार्टीमा रहेको केन्द्रीय समिति समायोजन नहुन्जेलसम्मका लागि केन्द्रीय समन्वय समिति पार्टीको संगठन संचालन, परिचालन, निर्देशन तथा निर्णायक समिति हुने उल्लेख छ । जनता समाजवादी पार्टी, नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी नेपाल मातहतका सबै तह र निकायका संगठनहरू, भ्रातृ संगठनहरू, शुभेच्छुक संगठनहरू, विभागहरू, संयन्त्रहरू समेत जनता समाजवादी पार्टी, नेपालको मातहतमा रही केन्द्रीय समन्वय समितिको निर्णयानुसार कार्य गर्ने सहमतिमा जनाइएको छ ।

आठौं बुँदामा पार्टी संगठन र पार्टीप्रति आबद्ध संगठनहरूबीच समायोजन नहुन्जेलसम्म आ-आफ्नो स्थान र कार्यक्षेत्रमा पार्टीको मातहत रही क्रियाशील रहने बताइएको छ ।

२०८२ साल फागुन २१ गते हुने प्रतिनिधि सभाको उम्मेदवारको लागि पेश गरिने मनोनयन पत्रमा समन्वय समितिबाट हुने निर्णयानुसार हस्ताक्षर महन्थ ठाकुर र उपेन्द्र यादवले संयुक्त रूपमा गर्ने सहमतिमा उल्लेख छ । दुबै पार्टीको एकीकरण सम्बन्धी थप प्रक्रिया राजनीतिक दल सम्बन्धी ऐन, २०७३ र प्रचलित कानुन अनुसार अगाडि बढाइने सहमति पत्रमा उल्लेख छ । केन्द्रीय समन्वय समितिका निर्णयहरू पार्टीका संरक्षक एवं अध्यक्षले प्रमाणिकरण गर्ने आजको सहमति पत्रमा उल्लेख छ ।



समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय...................

### जनताको समृद्धिको सपना पुरा गर

*नेपाली जनता समृद्धिको सपना र अभावको यथार्थबीच दोसाँधमा बाँचिरहेको छ। राज्यसत्ताले समृद्धिको सपना बाँड्दै आएका छन। जनता भने गरिबी र अभावको यथार्थ भोगिरहेको छ। सरकारको नीति तथा कार्यक्रममा समृद्धिको सपना रहेको देखिन्छ। आर्थिक वर्षको वार्षिक बजेटमा समृद्धिको सपना रहेको देखिन्छ। सरकारका उच्च पदस्थहरूको भाषणमा समृद्धिको सपना रहेका देखिन्छ। नेताका आश्वासनमा समृद्धिको सपना रहेको देखिन्छ। तर जनता भने दैनन्दिन गरिबी र अभावले छटपटाइरहेको देखिन्छ।*

*गरिबीको रेखामुनि रहेका जनता भनेका झुपडीमा बस्ने नै हुन्। जो खोलेफाँडो पनि नियमित खान पाउँदैन। बिरामी परे ओखतीमुलो गर्न नसक्ने र अस्पतालको त कुरै छोडौं, नजिकको स्वास्थ्यचौकीसम्म पनि पुग्न नसक्ने जनता रहेको देखिन्छ। तिनका छोराछोरीले विद्यालयको मुखसम्म पनि देख्न पाउँदैन। तिनले शिक्षा हासिल गर्न पाउँदैन। कुनै सीप सिक्न पाउँदैन। रोजगारीको कुनै अवसरका लागि प्रतिस्पर्धा गर्न सक्दैन। अनि बाबुजस्ता थिए त्यस्तै बन्छ छोराछोरी पनि र भोग्छन् बाबुकै नियति।*

# जिल्ला प्रशासन कार्यालय महोत्तरीद्वारा इजाजत प्राप्त हातहतियार अनिवार्य रूपमा बुझाउन आग्रह

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २८ पुस**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै जिल्ला प्रशासन कार्यालय महोत्तरीले इजाजत प्राप्त हातहतियार अनिवार्य रूपमा बुझाउन आग्रह गरेको छ। जिल्ला प्रशासन कार्यालय महोत्तरीले सोमबार एक सूचना जारी गर्दै जिल्लाभित्र रहेका सबै इजाजत प्राप्त हातहतियार धनीहरूलाई सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र नजिकको प्रहरी इकाई वा जिल्ला प्रहरी कार्यालय महोत्तरीमा बुझाउन आग्रह गरेको हो।



निर्वाचनको समयमा सुरक्षा संवेदनशीलता बढ्ने भएकाले सम्भावित जोखिम न्यूनीकरणका लागि हातहतियार बुझाउन भनिएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए। उनका अनुसार बुझाइएका हातहतियारहरू निर्वाचन प्रक्रिया सम्पन्न भएपछि सम्बन्धित धनीलाई सुरक्षित रूपमा फिर्ता गरिनेछ।

धनुषा जिल्ला हंसपुर नगरपालिका वडा नं.-०२ बधचौडामा स्थापना भई संचालनमा भईरहेको **जानकी भेनियर उद्योग** को लागी आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी

## सार्वजनिक सूचना

मधेश प्रदेश धनुषा जिल्ला हंसपुर नगरपालिका वडा नं.-०२ बधचौडामा स्थापना भई संचालनमा भईरहेको जानकी भेनियर उद्योगले निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना : | नामः- जानकी भेनियर उद्योग<br>ठेगानाः- हंसपुर नगरपालिका वडा नं.-०२ बधचौडा, धनुषा<br>सम्पर्क नं:- ९८५४०२१५९४ |
| प्रस्तावको ब्यहोरा : | हंसपुर नगरपालिका वडा नं. २, धनुषाको किता नं. ४७० को क्षेत्रफल ०-४-८-५ (वि.-क.-धु.-क) भएको जग्गामा निर्माण भई संचालन भईरहेको जानकी भेनियर उद्योगको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने कार्य। |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पाः | हंसपुर नगरपालिका वडा नं.-०२ |

माथी उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| सम्बन्धित वडा कार्यालयः | हंसपुर नगरपालिका<br>२ नं. वडा कार्यालय, धनुषा |
| प्रस्तावकको नाम र ठेगानाः | नामः- जानकी भेनियर उद्योग<br>ठेगानाः- हंसपुर नगरपालिका वडा नं.-०२ बधचौडा, धनुषा<br>सम्पर्क नं:- ९८५४०२१५९४ |
| परामर्शदाताको नाम र ठेगानाः | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., बिरगंज-१६, पर्सा।<br>सम्पर्क व्यक्तिः शम्भु प्रसाद चौरसिया<br>सम्पर्क नं.: ९८५१००६६४३<br>इमेलः shambhuprasadchaurasia@gmail.com |

## तपाईको टुडे

मेष: पिछडेको साथी मिल्ने
वृष: अनावश्यक खर्चको संभावना
मिथून: आम्दानी हुने
कर्कट: मनमा पछुतो आउने
सिंह: विचार गरेर बोल्नुहोला
कन्या: लामो यात्राको योग छ
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: शुभ कार्यको शुरुवात
मकर: अनावश्यक चिन्ता
कूम्भ: खानपानमा समस्या आउने
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# नरेन्द्र मोदी र फ्रेडरिक मेर्जबीच वार्ता

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ पुस**

प्रधानमन्त्री नरेन्द्र मोदीले जर्मन सङ्घीय चान्सलर फ्रेडरिक मेर्जसँग सोमबार गान्धीनगरमा प्रतिनिधिमण्डल स्तरको वार्ता गरेका छन् ।

चान्सलर मेर्जको यो भारतप्रतिको पहिलो आधिकारिक भ्रमण हो, जुन भारत-जर्मनी कूटनीतिक सम्बन्धको ७५ वर्ष र रणनीतिक साझेदारीको २५ वर्ष पूरा भएको अवसरसँग मेल खान्छ । दुई दिने आधिकारिक भ्रमणमा रहेका चान्सलर मेर्जको यो भ्रमणको मुख्य उद्देश्य भारत र जर्मनीबीचको द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ बनाउनु रहेको जनाइएको छ ।



गान्धीनगरस्थित महात्मा मन्दिरमा सम्पन्न वार्तामा विदेशमन्त्री एस जयशङ्कर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल र विदेश सचिव विक्रम मिस्री पनि सहभागी थिए । वार्ताका क्रममा दुवै नेताले व्यापार, लगानी, प्रविधि, शिक्षा, सीप विकास र श्रम गतिशीलतामा भइरहेको सहकार्यको समीक्षा गरे । साथै रक्षा, सुरक्षा, विज्ञान, नवीनता, अनुसन्धान र दिगो विकासका क्षेत्रमा सहकार्य विस्तार गर्ने सम्भावनाबारे पनि छलफल गरे । यसअघि प्रधानमन्त्री मोदीले चान्सलर मेर्जसँग अहमदाबादस्थित साबरमती आश्रममा न्यानो स्वागत गरेका थिए । पदभार सम्हालेपछि भारतको पहिलो भ्रमणमा आएका चान्सलर मेर्जले त्यहाँ राष्ट्रपिता महात्मा गान्धीप्रति पुष्पाञ्जलि अर्पण गरे र आगन्तुक पुस्तिकामा हस्ताक्षर गरे । त्यसपछि दुवै नेताले संयुक्त रूपमा साबरमती रिवरफ्रन्टमा अन्तर्राष्ट्रिय चङ्गा महोत्सव-२०२६ को उद्घाटन गरे । सांस्कृतिक र कूटनीतिक महत्त्व बोकेको उक्त कार्यक्रममा प्रधानमन्त्री मोदी र चान्सलर मेर्जले भगवान हनुमानको चित्र अङ्कित चङ्गा उडाएको दृश्य पनि देखिएको थियो ।

# यम बरालले ल्याए एकैसाथ तीन नयाँ गीत

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ पुस**

गायक यम बरालले एकैसाथ तीन नयाँ गीत ल्याएका छन् । सोमबार काठमाडौंमा आयोजित समारोहमा अग्रज कलाकार मदनकृष्ण श्रेष्ठ, अग्रज संगीतकार दीपक जंगम, अभिनेत्री तथा निर्देशक दीपाश्री निरौला लगायतले यमका 'यो साँझ फेरि', 'टेण्डर मायाको' र 'जून र सुनको अघि माया' गरी तीन गीत विमोचन गरे ।

राखी गौचनको शब्द र शंकर थापा 'स्माइल'को संगीत रहेको 'यो साँझ फेरि' रोमान्टिक भावको गीत हो । गीतलाई विश्व अधिकारीले एरेन्ज गरेका हुन् । गीतको भिडियोमा यम आफैं र जुना कार्की फिचर्ड छन् । कविराज




भट्टले निर्देशन गरेको भिडियोलाई अमन बाबुले खिचेका हुन् भने राकेश दाहालले सम्पादन गरेका छन् । अर्को गीत 'टेण्डर मायाको' रमाइलो शैलीको गीत हो ।

यसमा सञ्जय बरालको शब्द र विकास चौधरीको संगीत छ । यो गीतमा गायनमा यमलाई जुनु प्रसाईंले साथ दिएकी छन् । यो गीतलाई मनोज केसीले एरेन्ज गरेका हुन् । नितिन चन्दले निर्देशन गरेको यो गीतको भिडियोमा नवीन महतारा क्षेत्री, रसिला श्रेष्ठ र सन्दीपा गौतम फिचर्ड छन् ।

मनोज केसीले खिचेको भिडियोलाई सौखिन तिमल्सिनाले सम्पादन गरेका हुन् । 'जून र सुनको अघि माया' गीतले इलाम फिक्कलको पेरिफेरीमा मायाप्रेमको कथा भन्छ ।

# बीपीएल : छोरा एइसाखिलसँगै नाबीले गरे ब्याटिङ, बन्यो अर्धशतकीय साझेदारी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ पुस**

बंगलादेश प्रिमियर लिग (बीपीएल) मा आइतबार अफगानिस्तानका अनुभवी क्रिकेटर मोहम्मद नाबी र उनका छोरा हसन एइसाखिलले एकै टोलीबाट खेले । उनीहरू एउटै टोलीबाट टी-२० लिग खेल्ने पहिलो बुबा-छोरा जोडी समेत बने ।



नोआखाली एक्सप्रेसका लागि डेब्यू खेल खेलेका १९ वर्षीय एइसाखिलले उत्कृष्ट प्रदर्शन गरे। ढाका क्यापिटल्ससँगको खेलमा उनले ६० बलमा ९२ रन बनाए। एइसाखिल र नाबीबीच चौथो विकेटका लागि ५३ रनको साझेदारी भएको थियो। नाबीले भने १७ रन बनाए । टोलीले २० ओभरमा ७ विकेट गुमाएर १८४ रन बनाउँदै ४१ रनको जित पनि हात पार्‍यो। क्रिजमा सँगै ब्याटिङ गर्ने क्रममा नाबीले एइसाखिललाई निरन्तर सुझाव दिइरहेका थिए ।

खेलपछिको प्रेस मिटमा नाबीले भने, 'म प्रशिक्षणमा मात्र कडा हुन्छु। म उसलाई बलरले के गर्नेछ भनेर बताइरहेको थिएँ।' एइसाखिलले पनि बुबासँग खेल्न पाउँदा खुसी लागेको बताए। उनलाई डेब्यू क्याप पनि नाबीले नै प्रदान गरेका थिए । एइसाखिलले शतक पूरा गर्न नसकेकोमा दुःख नलागेको पनि उल्लेख गर्दै टोलीका लागि बढी रन बनाउने प्रयास गरिरहेको कारण आउट भएको बताए ।

# निर्वाचन आयोगको दृढता : शङ्का उपशङ्का छाडौं, तोकिएको समयमै निर्वाचन हुन्छ

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ पुस**

निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले शान्ति सुरक्षाको कारणले आगामी निर्वाचन प्रभावित नहुने बताएका छन् । आयोगले सोमबार आयोजना गरेको अभिमुखिकरण कार्यक्रममा बोल्दै उनले निर्वाचनको शान्ति सुरक्षाबारे कुनै पनि शङ्का वा आशङ्का नगर्न आग्रह गरे ।



उनका अनुसार निर्वाचनलाई भयरहित वातावरणमा सम्पन्न गर्न करिब साढे पाँच लाख जनशक्ति परिचालन गरिनेछ। २०४८ सालपछिका सबै निर्वाचन विभिन्न चुनौतीका बीच सफलतापूर्वक सम्पन्न गरिएको उल्लेख गर्दै भण्डारीले तोकिएको समयमै निर्वाचन हुनेमा दृढता व्यक्त गरे। "विगतमा पनि निर्वाचनको अघिल्लो दिनसम्म हुन्छ कि हुँदैन भन्ने बहस हुने गरेको थियो, तर निर्वाचन बाहेक अर्को विकल्प छैन," उनले भने । कार्यवाहक प्रमुख आयुक्त भण्डारीले शान्ति सुरक्षाका विषयमा सरकारका मन्त्री, सचिव तथा सुरक्षा निकायका प्रमुखहरूसँग पटक-पटक छलफल भइसकेको र उनीहरूले सुरक्षाको पूर्ण प्रत्याभूति दिएको जानकारी दिए। विगतमा समाजमा हतियार र द्वन्द्वको प्रभाव बढी भएको समयमा समेत निर्वाचन गराएको स्मरण गर्दै उनले अहिलेको अवस्थामा त्यस्तो गम्भीर खतरा नरहेको बताए ।






# तीन दशकको अनुत्तरित प्रश्न : कस्तो आमसञ्चार प्रणाली ?

-केही प्रस्ट गन्न सकिने सादृश्य र मूलतः आमसञ्चार प्रणाली सम्बन्धी दार्शनिक आधारको अस्पष्टताका कारण नेपाली पत्रकारिता एकै पटक विश्वासको संकट, अप्रशिक्षित र अपरिष्कृत जनशक्ति अनि आर्थिक अभावसँग जोडिएका समस्याबाट ग्रस्त हुन पुगेको छ।

२०६२ कात्तिक ४ गते राति ११ बजे तत्कालीन सरकारको आदेशानुसार सुरक्षाकर्मी 'कान्तिपुर' एफएमको स्टुडियो पुगे। सुरक्षा जत्थाले स्याटलाइट लिंकका इन्कोडर, स्याटलाइट मोडेम, डिजिटल अडियो रिसिभर लगायत आठ थान उपकरण जफत गऱ्यो, 'कान्तिपुर' को पूर्वाञ्चल प्रसारण ठप्प पारिदियो। त्यसबेला संस्था र बाहिरका पत्रकार तथा सञ्चालकहरूको मनोबल गिरेको थिएन, बरु गजबको निर्भीकता थियो। किनकि, त्यसबेलासम्म मिडियाका दर्शक, श्रोता वा पाठक स्वतन्त्र प्रेसको प्रतिरक्षामा अग्रपंक्तिमा उभिन्थे। घटनाको भोलिपल्टै मानिसहरू त्यहीं धर्ना बस्न गए। नागरिक समाज संघर्षमा सामेल भयो। त्यसपछिका कैयन् परिस्थितिमा 'कान्तिपुर' मिडियालगायत सम्पूर्ण नेपाली आमसञ्चार जगत्को प्रतिरक्षाका लागि उपभोक्ता नै सडकमा आए। कैयन् उग्र आन्दोलनमा पनि 'पत्रकार' वा 'प्रेस' लेखिएको कागज टाँसेकै भरमा कठोर आक्रमणमा पर्दैनथे। यदाकदा त्यस्ता घटना भए भने आयोजकहरू माफी माग्थे।

२०४६ चैत २६ गते पञ्चायती व्यवस्थाको अन्त्य, दलमाथिको प्रतिबन्ध फुकुवा र बहुदलीय व्यवस्थाको पुनःस्थापना भएलगत्तै नेपाली आमसञ्चार जगत्मा नयाँ तरंग उत्पन्न हुनु स्वाभाविकै थियो। त्यसको सात महिनापछि कात्तिक २३ गते 'संविधान सुधार सुझाव आयोग' ले संविधान जारी गऱ्यो। यसको धारा १३ मा 'कुनै पनि अवस्थामा छापाखाना बन्द वा जफत गरिने छैन र समाचारपत्र वा कुनै पत्रिकाको दर्ता खारेज गर्न पाइने छैन, कुनै पनि सामग्रीमा पूर्वप्रतिबन्ध हुने छैन' भन्ने व्यवस्था भएपछि नेपाली आमसञ्चार विधिवत् नयाँ युगमा प्रवेश गऱ्यो। संविधानमै त्यस्तो प्रावधान किन चाहिन्थ्यो ? त्यसबेलाका पत्रकारहरू भन्ने गर्थे- पञ्चायतकालीन कठोर कानुनको प्रावधानलाई नयाँ कानुनबाटै परास्त गर्न सकिन्थ्यो। तर भोलिका दिनमा के होला, कसो होला ? नेपाली आमसञ्चार जगत् त्यही समयदेखि बहुलवादी परिवेशको चरणमा प्रवेश गऱ्यो। विस्तारित पहुँचसहितका अखबारहरूको युगमा प्रवेश गऱ्यो। जनआन्दोलनको सफलतासँगै राजनीतिक उत्साह, हक अधिकारको संवैधानिक र कानुनी प्रत्याभूति, आधुनिक मुद्रण प्रविधिको विस्तारजस्ता कारणले त्यसपछिका केही वर्षमै अखबार प्रकाशन उद्योगका रूपमा स्थापित भयो। तीस-तीस वर्षसम्म स-साना आकारका लिड-धातुमा ढालिएका एकेक अक्षर टिपेपछि पाना बाँधेर छापिने मसी लतपतिएका अल्पायुका अखबारका ठाउँमा ठूला आकारका सफा अफसेट प्रविधिमा छापिएका रंगीन दैनिक अखबार आए। कार्यालयहरू व्यवस्थित मात्रै होइन, स्थायी ठेगाना पनि कायम हुन थाले। पत्रकारिताको क्षेत्र रोजगारीका लागि पनि गनिन थाल्यो। सम्पादक, संवाददाता, फोटो पत्रकारले नियमित तलब पाउन थाले। पत्रकारिता राजनीतिको एक उपक्रम होइन, पेसा वा व्यवसाय लाग्न थाल्यो। केही वर्षमै यो क्रमले गति लियो, अखबारहरूको प्रतिदिन बिक्री उल्लेखनीय रूपमा बढ्न थाल्यो। विज्ञापनको बजार बढ्दै गएको प्रस्ट देखियो। रेडियो र टेलिभिजन प्रसारणमा निजी क्षेत्रको प्रवेशपछि व्यावसायिक सञ्चारकर्मीको जमात झन् उत्साहित भयो। खासमा २००७ सालको परिवर्तनपछि सुरु भएको नेपाली पत्रकारिताको इतिहासमा २०४६ सालपछिको दुई दशक विशेषतः छापा पत्रकारिताको स्वर्णिम युग थियो। त्यसपछिका दिनमा केही प्रस्ट गन्न सकिने सादृश्य र मूलतः आमसञ्चार प्रणाली सम्बन्धी दार्शनिक आधारको अस्पष्टताका कारण नेपाली पत्रकारिता एकै पटक विश्वासको संकट, अप्रशिक्षित र अपरिष्कृत जनशक्ति अनि आर्थिक अभावसँग जोडिएका समस्याबाट ग्रस्त हुन पुगेको छ।

कुनै पनि देशको आमसञ्चार प्रणाली त्यहाँको राजनीतिक प्रणाली र दर्शनको अधीनस्थ हुन्छ। शीतयुद्धकालमा सिवर्ट, पिटरसन र श्रामजस्ता 'हचिन्स' कमिसनको सिफारिसमा परेको जिम्मेवार प्रेसको सिद्धान्तका रूपमा विभक्त गरे। प्रेसको 'नर्मेटिभ थ्योरी' अर्थात् मान्यतामूलक सिद्धान्त भन्नाले कुनै पनि समाजले दार्शनिक, राजनीतिक तथा नैतिक मूल्यहरूमा आधारित भएर आमसञ्चार माध्यमबाट अपेक्षा गर्ने भूमिका र जिम्मेवारीसहित आमसञ्चार माध्यमका अधिकार र दायित्वहरूको निर्धारक विचार भन्ने बुझिन्छ।

साभार : कान्तिपुर।




## चिसोबाट बच्न अपनाउनुपर्ने सावधानीहरु

चिसोको कारणले रुघाखोकी, कडा फ्लु, हिउँले खाने, साना बालबालिकाहरुमा, कोल्ड झाडापखाला, निमोनिया र बयस्क ब्यक्तीहरुमा दम जस्ता समस्या, हृदयघात तथा मुटुको समस्या बढ्ने, कार्वन मोनोक्साईडको मात्रा शरिरमा बढ्ने जोर्नीको दुखाई, दिर्घ रोगीहरुमा स्वास्थ्य समस्या देखा पर्ने जस्ता रोगहरु हुन सक्छ ।

- ✓ पानि उमालेर पिउने, जार र प्याकिङ्ग पानी समेत उमालेर पिउने ।
- ✓ शरिरलाई न्यानो बनाएर राख्नका लागी तातो झोलिलो खानाहरु आवश्यक मात्रामा सेवन गर्नुपर्दछ,
- ✓ बाहिर निस्कदा मास्क लगाएर हिडने ।
- ✓ तातो बाक्लो कपडाहरु लगाएर हिडनु पर्दछ ।
- ✓ चिसोमा बाहिर हिडदा बाक्लो कपडा लगाउनु पर्दछ ।
- ✓ तातो दुध तथा दुधजन्य पदार्थ, तातो पानि, चिया, दाल, तरकारी प्रशस्त मात्रामा पिउनुपर्दछ ।
- ✓ सवारी साधन चलाउँदा हावा नछिर्ने बाक्लो स्विटर वा ज्याकेट लगाउनु पर्दछ
- ✓ जाडो लागेको बेला घाममा बस्ने तोरी, जैतुन, तिलको तेलले शरिर मालिस गर्न सकिन्छ
- ✓ तातो पानीमा कागती, अदुवा र मह मिसाएर खान सकिन्छ ।
- ✓ विशेष गरि बिहानको समयमा जाडो हुने भएकोले सो समयमा बाहिर ननिस्कने गर्दा चिसो बाट बच्न सकिन्छ ।
- ✓ बालबालिका तथा बृद्धहरुलाई जाडोको कारण छिटो असर देखा पर्ने हुनाले बिरामी भएमा तत्काले औषधी नियमित खाने, जाडोबाट बच्न बाक्लो कपडाहरु लगाउने, तातो झोल चिजहरु प्रशस्त खुवाउने, जाडो हुने समयमा घरबाट बाहिन ननिस्कने ।
- ✓ आगो तथा हिटरहरु सावधानी पुर्बक ताप्ने, बस्ने कोठा वा घर तातो बनाउने ।

अनुरोधकर्ता
लक्ष्मीनियां गाउंपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश



"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला






अनुरोधकर्ता
क्षिरेश्वरनाथ नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश






प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday